नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २०६ २०७८ साल चैत ३ गते बिहीबार (17 Mar. 2022 Thursday) मूल्य रु. ५/-

कोभिडबाट सचेत रहौं
- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अस्वस्थ खानपानले ... ३ पृष्ठमा : फेरि बढेर आयो पेट्रोलियम.. ३ पृष्ठमा : भारतमा कोरोनाभाइरसबाट ...

# होली महोत्सवको आयोजना, एक दर्जन भन्दा बढी सम्मानित





**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

होली पर्वको अवसरमा बुधबार राजबिराजमा होली महोत्सवको आयोजना गरिएको छ ।

सो अवसरमा साहित्य, कला, पत्रकारिता, नाटक, खेलकुद लगायतका लगायतका विद्यामा योगदान दिने एक दर्जन बढी व्यक्तित्वलाई सम्मानित गरिएको छ ।

महोत्सव अन्तरगत होली लोकगितको संरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको होली गायन प्रतियोगितामा झल्ही समूह प्रथम, महदेबा समूह द्वितृय र खरसाल यूवा समूह तितृय भएका छन् ।

महोत्सव अन्तरगत पहिलो पटक आयोजना गरिएको होली गायन प्रतियोगिताका प्रथम स्थान ल्याउनेलाई पाँच हजार, द्वितृय हुनेलाई तीन हजार र तृतिय हुनेलाई दुई हजार नगद र ट्रफिसहित सम्मान गरिएको थियो ।

मिडिया टेक्नोलोजी प्रालीले बुधबार राजबिराजस्थित शिबमन्दिरको प्राङ्गणमा आयोजना गरिएको होली महोत्सबमा कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख शम्भुप्रसाद यादबले उनीहरुलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका हुन्।

कार्यक्रममा पत्रकारिता क्षेत्रबाट व्याशसंकर उपाध्याय, समाज सेबातर्फ ई. सूर्यनारायण यादब, खेलकुदतर्फ पुन्तीलाल यादब, बैकिङ सेबातर्फ ग्लोबल आइएमई बैंकका शाखा प्रबन्धक मनिष महासेठ र उद्योगि व्यवसायीतर्फ फिरोज आलम सम्मानित भएका छन् ।

कलासंस्कृती तर्फ निराजन मेहता, नाट्य कलातर्फ छेदी यादब, महिला सशक्तिकरणतर्फ अनिता देवकोटा, कानुनी सेबातर्फ प्रतिमा देब, शिक्षातर्फ मन्जु श्रेष्ठ, यूवा अभियान्तातर्फ बिष्णु यादब, अधिकारकर्मीतर्फ सुनिता साह र जेष्ठ नागरिकतर्फ शंकर शारदा पनि सम्मानित भएका छन् ।

वडा अध्यक्ष मागिंलाल नाईको अध्यक्षतामा आयोजित समारोहमा प्रमुख अतिथि राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादब, उपप्रमुख साधना झा, मिडिया काउन्सील मधेश प्रदेशका अध्यक्ष शिबहरि भट्टराई, पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवण देब, निर्णायक समितिका सदस्य मनोज कुमार माझी, अजयकुमार झा, भुषण सिंह, सुखराम यादब लगायतले सम्मान पत्र तथा बिजेता कलाकारहरुलाई पुरस्कार बितरण गरेका थिए ।

# रेलसम्बन्धी अध्यादेश निष्क्रिय बन्दा सेवा सञ्चालन अन्योलमा

जनकपुर, २ चैत (रासस) ।

जयनगर-जनकपुरसम्म रेल सञ्चालनका लागि सरकारले ल्याएको रेलसम्बन्धी अध्यादेश निष्क्रिय भएसँगै रेल सेवा उद्घाटन अनिश्चित बनेको छ । रेल सेबाको नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा भर्चुअल माध्यमबाट उद्घाटन गर्ने तयारी भइरहेका बेला रेलसम्बन्धी अध्यादेश प्रतिनिधिसभाबाट पारित नभएर निष्क्रिय बनेपछि उद्घाटन अन्यौलमा परेको हो ।

"अध्यादेश निष्क्रिय भएपछि रेल सेवा उद्घाटन र सञ्चालन गर्न कठिनाइ भएको छ", नेपाल रेल्बे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले भन्नुभयो, "प्रतिनिधिसभाको चालु अधिवेशन अन्त्य भएसँगै निष्क्रिय बनेको अध्यादेश पुनःल्याएर भए पनि रेल सञ्चालन गर्ने विषयमा कुराकानी भइरहेको छ ।" यद्यपि यस विषयमा ठोस् निर्णय भइनसकेको महाप्रबन्धक झाको कथन छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादबले गत मङ्सिर १५ गते सरकारले खरिद गरेको रेल तत्काल सञ्चालन नगर्दा रेलको इञ्जिनमा समस्या आउने र रेलको संरचनामा थप हानीनोक्सानी हुनसक्ने भन्दै तत्काल रेलसम्बन्धी कानुन व्यवस्था गरी सञ्चालन गर्न कारणसहित अध्यादेश पेश गर्नुभएको थियो ।

त्यसबखत सङ्घीय संसद्को अधिवेशन नभएको र रेलसम्बन्धी कानुन व्यवस्था गर्न आवश्यक भएकाले नेपालको संबिधानको धारा ११४ को उपधारा (१)

*बाँकी अन्तिम पृष्ठमा*

# अग्निपीडितलाई मन्त्री साहले बाढे राहत



**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ टेंगरी टोलका अग्निपीडितको घर आंगनमै पुगेर राहत प्रदान गरेका छन् ।

मन्त्री साहले बुधबार अग्निपीडितको घर आंगनमै पुगि स्थलगत निरिक्षण गर्दै पीडित परिवारलाई राहत प्रदान गरेका हुन् ।

गत शनिबार मध्यराती आगलागि हुँदा सो टोलका डम्बर यादब, मनोज यादब, सत्यनारायण यादब लगायत १३ परिबारको २७ घर जलेर पूर्ण रुपमा नष्ट भएको थियो ।

यसअघि अग्निपीडितको बिचल्ली भएपछि सोही दिन तत्कालिन राहत स्वरुप त्रिपाल र खाद्यान्न पठाएका मन्त्री साहले यूएनएफपिए र आसमान नेपाल नामक संस्थाबाट सहयोग जुटाई थप राहत लिएर पुगेका हुन् ।

सो क्रममा उनले यूएनएफपिएबाट सहयोग स्वरुप प्राप्त एक/एक थान मोबाइल चार्जरसहितको सोलार लाइट, त्रिपाल, झुल र डिगनिटि किट तथा आसमान नेपालबाट सहयोग स्वरुप प्राप्त त्रिपाल, चामल, दाल, नुन लगायतका राहत सामाग्रि बितरण गरे ।

आगलागिबाट भएको क्षति र अहिले सम्म उपलब्ध भएको राहत बितरणको अवस्था बारे जानकारी लिएका मन्त्री साहले नयाँ घर बनाउन आवश्यक पर्ने काठ तथा अन्य सामाग्रिको पनि व्यवस्थापन गर्ने आश्वासन दिए ।

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# खाँडो नदीको निकासका लागि पहल सह्रानिय कदम

सप्तरीमा प्रत्येक वर्ष वर्षायामको समयमा खाडो नदीले तान्डव मचाउने गरेको छ। जिल्लाको खाडो नदी त्यस्तो नदी हो जसबाट सामान्य वर्षामा पनि बाढी आउने सम्भावना रहन्छ। यो नदी जिल्लाको मानवबस्ती हुँदै गएको छ। जसकारण बाढीको खतरा समेत रहने गरेको छ। जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ। यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तब्य तिलाठी नै हो। बाढीको पानी पनि सबैभन्दा बढी तिलाठीमै जम्ने गर्दछ। हरेक वर्ष तिलाठी डुवान पर्नुको कारण पनि खाँडो नदी नै हो।

यसका लागि मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादव समक्ष खाँडो नदीको निकास र नदीमा पुल निर्माणका लागि पहल गर्नु सह्रानिय कार्य हो। यसअघि खाँडो नदी नियन्त्रण र मर्मतका लागि सरकारीदेखी स्थानियस्तरसम्म प्रयास पनि भएकै हो। तर, सो प्रयास अधुरो रहेको छ।

खाँडो नदीको निकास र पुल निमार्ण भयो भने नेपाल र भारत दुबै देशका लागि व्यापारीक सम्बन्ध अझ सुदृढ हुने छ। तसर्थ यस्तो पहल कार्यान्वयनका लागि संघीय सरकारले गम्भिरतापूर्वक लिनु आवश्यक छ।

# अस्वस्थ खानपानले बढ्दै हृदयाघात

**शरद् शर्मा**
काठमाडौं, २ चैत (रासस)।

मानिसका जीवनशैलीमा आएको परिवर्तनले नेपालमा हृदयाघातका बिरामी बढिरहेका छन्। अस्वस्थ खानपान र जीवनशैलीमा आएको परिवर्तन रोगका कारक मानिएका छन्। दश बर्षको तथ्याङ्क हेर्ने हो भने हृदयाघात हुनेको सङ्ख्यामा दोब्बर वृद्धि भएको छ।

निष्क्रिय जीवनशैली, चिन्ता, युवावस्थामा नै चुरोट, सुर्ती तथा खैनी सेवन र चिल्लो- बोसो खानाले हृदयाघातका बिरामी बढिरहेको सहिद गङ्गालाल हृदय राष्ट्रिय केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारीले बताउनुभयो। घरभन्दा बाहिरको अस्वस्थ खानपान गर्नाले पनि हृदयाघातका बिरामी बढिरहेको चिकित्सकले बताएका छन्। केन्द्रमा सन् २०१२ मा ४९५ जनामा हृदयाघात भएकामा ६ वर्षपछि २०१८ मा तीन गुणा बढेर एक हजार ४६० जना पीडित भएका थिए। उहाँका अनुसार २०२० मा एक हजार ६९८ र सन् २०२१ मा दुई हजार २७३ जना सो रोगका कारण अस्पतालमा भर्ना भएका छन्।

डा अधिकारीले २०२१ मा अस्पताल भर्ना भएका बिरामीमध्ये प्राय: हृदयाघात भएका हुन्। हृदयाघातका बिरामी बढे पनि सन् २०२० मा कोरोना भाइरसका कारणले अस्पतालमा मुटु रोगका कम बिरामी आएका थिए। "विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने मुटु रोगका बिरामीमध्ये ५० प्रतिशत त हृदयाघात भएका बिरामी मात्र नै छन्", उहाँले भन्नुभयो, "नेपालमा हृदयाघातका बिरामी दिनप्रतिदिन बढिरहेको गङ्गालालमा आएका बिरामीबाट नै थाहा हुन्छ।"

उहाँका अनुसार अस्पतालमा दैनिक चार जना हृदयाघात आउने गरेका छन्। वरिष्ठ मुटु रोग विशेषज्ञ डा भगवान् कोइराला पनि अस्वस्थ खानपान, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द भएर हृदयाघात हुने गरेको बताउनुहुन्छ। "धूमपान, मधुमेह र उच्च रक्तचाप भएका मानिसको मुटुको नली र अन्य नली बाक्लो हुँदै हृदयाघातले आक्रमण गर्छ। यस्तै कोलेस्टेरोल (मुटुमा हुने बोसो), शारीरिक अभ्यासको कमी पेट बढ्ने, पसिना ननिकाल्ने, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द हुने गर्छ", उहाँले भन्नुभयो, "स्वस्थ्य जीवनशैली अपनाउने, खाना धेरै नखाने, स्वच्छ खाने, शारीरिक अभ्यास गर्ने, चुरोट नखाने, नियमित व्यायाम गर्न सके हृदयाघातबाट बच्न सकिन्छ।"

उहाँका अनुसार मुटु जन्मजात बिग्रेर आउने, बिग्रेर आउनेबाट बचेको, घाँटीको दुख्ने रोगबाट शुरु भई पछि मुटुको भल्भ बिग्रने रोग (बाथज्वरजन्य रोग) जस्ता कारणले मुटुका बिरामी हुने गरेका छन्।

### चुरोट सेवन

चुरोट सेवन गर्ने, मधुमेह, कोलेस्टेरोल र उच्च रक्तचाप भएका मानिसमा हृदयाघात बढी हुन्छ। तीमध्ये चुरोट पिउने मानिसमा हृदयाघात हुने सम्भावना बढी हुने गरेको निर्देशक डा अधिकारी बताउनुहुन्छ। अहिले युवावस्थामा नै चुरोट सेवन गरेको पाइन्छ। उहाँका अनुसार हृदयाघात भएकामध्ये ६५ प्रतिशत चुरोट सेवन गर्नेहरू हुन्छन्। तीमध्ये ४० वर्ष उमेर समूहका व्यक्ति धेरै छन्।

डा कोइराला पनि हृदयाघात ६० वर्षमाथिकामा हुने गरे तापनि चुरोट खाने व्यक्तिमा भने ४० वर्षमुनि पनि हुने गरेको बताउनुहुन्छ। " चुरोट सेवन गर्नाले युवावस्थामा नै हृदयाघात हुने सङ्ख्या अत्यधिक बढ्दै गएको छ", उहाँले भन्नुभयो। चालिस वर्षभन्दा कम उमेरको व्यक्तिले चुरोट सेवन गर्छ भने उसलाई हृदयाघात हुने सम्भावना नखानेको तुलनामा आठ गुणाले बढी हुने डा अधिकारीको भनाइ छ।

### हृदयाघात भएको १२ घण्टामा जीवन सम्भव

केन्द्रका निर्देशक डा अधिकारी हृदयाघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउने सके बचाउन सकिने बताउनुहुन्छ। केन्द्रले हृदयाघात भएका बिरामीलाई २४ घण्टा नै एन्जिओप्लाष्टी गरेर बचाउने गर्छ। केन्द्रले हृदयाघात भएर आएको एक घण्टाभित्र बिरामीको एन्जिओप्लाक्ष्टी गर्ने उहाँ बताउनुहुन्छ।

एउटा एन्जिओप्लास्टी गर्नका लागि रु एक लाख ५० हजार खर्च लाग्छ। त्यति रकम तिर्न नसक्ने गरिब- असहायका लागि केन्द्रले दुई वर्षदेखि भने नि:शुल्क एन्जिओप्लास्टी गर्ने गरेको छ। तीन प्रकारका हृदयाघातमध्ये पनि नेपालमा सबैभन्दा धेरै स्टेमी हृदयाघात हुन्छ जुन भएका मानिसलाई समयमा नै अस्पताल पुऱ्याउन सके बचाउन सकिन्छ। "हृदयाघात भएको मानिसका मुटुमा रगतको आपूर्ति बन्द भएपछि दुख्न थाल्छ। मुटुको मासु मरिसकुन्जेल छाती दुख्ने गर्छ। मुटु दुखिरहेका बेलामा नै अस्पतालमा बिरामी पुऱ्याउन सके बचाउन सकिन्छ", उहाँले भन्नुभयो, " बिरामी आएको १२ घण्टामा मुटुको प्राइमरी एन्जिओप्लास्टी ( मुटुको नशा खोल्ने प्रविधि) शल्यक्रिया गरी नसा खोलेर बचाउन सकिन्छ।"

नेस्टेमी हृदयाघात भएका बिरामीलाई भने केही समयपछि मात्र उपचार गरिन्छ। त्यस्ता बिरामीलाई भर्ना गरे केही दिनपछि शल्यक्रिया गरेर बचाउन सकिन्छ। केन्द्रले प्राइमरी एन्जिओप्लास्टी गरेका बिरामीलाई चार-पाँच दिनमै अस्पतालबाट घर पठाउँछ।

केन्द्रमा २४ घण्टा नै हृदयाघात भएका बिरामीको प्राइमरी एन्जिओप्लास्टी गर्नका लागि १५ जनशक्तिसहित चार अप्रेशन थिएटर (क्याथल्याब) तयारी अवस्थामा राखिएको हुन्छ। केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लास्टी गरेर हृदयाघात भएका बिरामीलाई बचाउने गरेको उहाँ बताउनुहुन्छ। केन्द्रमा सन् २००६ देखि एन्जिप्लास्टी हुँदै आएको छ।

पहिलो पटक हृदयाघात हुँदा १०० मध्ये २३ जनाको मृत्यु अस्पताल नपुग्दै हुने गर्छ। हृदयाघात भएर अस्पताल आएका बिरामीमध्ये सात प्रतिशतको अस्पतालमै मृत्यु हुने गरेको छ। नेपालमा केन्द्रबाहेक मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, नर्भिक इन्टरनेशनल अस्पताल तथा विराटनगर- धरान-बुटवल-नेपालगन्ज भरतपुरका अस्पतालमा पनि समेत एन्जिओप्लास्टी हुने गर्छ।

### कसरी हुन्छ

मुटुलाई काम गर्नका लागि अक्सिजन आवश्यक पर्छ जुन रगतले दिने गर्छ। मुटुमा रगत आपूर्ति गर्ने नसा हुन्छ जसबाट रगत मुटुमा आउने गर्छ। रगत आपूर्ति बन्द भयो भने हृदयाघात हुन्छ। उमेर बढ्दै जाँदा मुटुको रक्तसञ्चार गर्ने नली साँघुरिँदै जाने र पछि बन्द भई मुटु बन्द

*बाँकी तीन पृष्ठमा*


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# फेरि बढेर आयो पेट्रोलियम पदार्थको मूल्य
# महिनामा साढे १० अर्ब घाटा प्रक्षेपण

**अशोक घिमिरे**
काठमाडौँ, २ चैत (रासस) ।
इन्डियन आयल कर्पोरेशन (आइओसी) ले नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाएको छ ।

आइओसीबाट बुधबार प्राप्त नयाँ मूल्यमा विभिन्न शीर्षकका कर थपिँदा पेट्रोलियम पदार्थको खरिद मूल्य अहिलेसम्मकै उच्च अवस्थामा पुगेको निगमले जनाएको छ । आइओसीबाट प्राप्त मूल्यमा सरकारले लगाएको कर थपिँदा पेट्रोलको खरिद मूल्य प्रतिलिटर १८२ रुपैयाँ ८१ पैसा, डिजेल प्रतिलिटर १६९ रुपैयाँ ४४ पैसा, मट्टितेल प्रतिलिटर ११३ रुपैयाँ ४९ पैसा, हवाई इन्धन (आन्तरिक) प्रतिलिटर १३१ रुपैयाँ ९४ पैसा, हवाई इन्धन (अन्तर्राष्ट्रिय) प्रतिलिटर ११४ रुपैयाँ ५१ पैसा र एलपी ग्यास प्रतिसिलिण्डर दुई हजार २४० रुपैयाँ ३४ पैसा पुगेको निगमले जनाएको छ ।

पेट्रोलियम पदार्थको बिक्रीबाट चैत महिनामा मात्रै रु १० अर्ब ६१ करोड नोक्सानी हुने निगमको प्रक्षेपण छ । निमगलाई मार्च १६ देखि ३१ सम्म पेट्रोलियम बिक्रीबाट रु पाँच अर्ब ३० करोड ९८ लाख घाटा हुने बताइएको छ । सो अवधिमा पेट्रोलको बिक्रीबाट रु एक अर्ब सात करोड ९८ लाख, डिजेलको बिक्रीबाट तीन अर्ब १६ करोड ७२ लाख र एलपी ग्यासको बिक्रीबाट रु एक अर्ब २६ करोड ३७ लाख नोक्सानी हुने अनुमान गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो ।

निगमलाई मट्टितेल र हवाई इन्धनको बिक्रीबाट सामान्य नाफा हुनेछ । १५ दिनमा मट्टितेलको बिक्रीबाट एक करोड ५० लाख, हवाई इन्धन (आन्तरिक) बाट रु एक करोड १३ लाख र हवाई इन्धन (अन्तर्राष्ट्रिय)बाट रु १७ करोड ५३ लाख नाफा हुने प्रवक्ता उपाध्यायको भनाइ छ । मट्टितेल र हवाई इन्धनको बिक्रीबाट हुने नाफाले निगमको घाटा न्यूनीकरणमा उल्लेख्य योगदान गर्न सकेको छैन ।

आइओसीबाट बुधबार प्राप्त मूल्यमा कर थपिँदा पेट्रोलमा प्रतिलिटर ३२ रुपैयाँ ८१ पैसा, डिजेलमा ३६ रुपैयाँ ४४ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ६६५ रुपैयाँ ३४ पैसा घाटा रहेको निगमको भनाइ छ । मट्टितेलमा प्रतिलिटर १९ रुपैयाँ ५१ पैसा, हवाई इन्धन (आन्तरिक)मा चार रुपैयाँ छ पैसा र हवाई इन्धन (

*बाँकी अन्तिम पृष्ठमा*

***अस्वस्थ खानपानले ...***

हुने गर्छ । अहिले नली साँघुरिँदै जाने र मुटु बन्द भएर हुने हृदयाघात धेरै हुने गरेको छ ।

रगतको आपूर्ति सबै बन्द भएपछि मानिसको छाती दुख्न थाल्छ । धेरैजसो मानिस छाती दुखे पनि घरमै बस्छन् । अनि ढिला आउँछन् । रगतको आपूर्ति बन्द हुनाका साथै निरन्तर छाती दुखेपछि मुटुको मासु मर्ने गर्छ । मासु मरेपछि मुटुले काम गर्न छाड्छ र मानिसको ज्यान जान्छ ।

**मुटु प्रत्यारोपण नेपालमा**

विश्वमा मुटुरोग अस्पतालले दिने सेवामध्ये एक दुई वटा मात्र सेवा केन्द्रले दिन सकेको छैन । भारतलगायत देशमा मुटु प्रत्यारोपण हुने गरेकामा नेपालमा सम्भव भए पनि प्राविधिक रूपमा गाह्रो र खर्चिलो भएको उहाँको भनाइ छ । भारतमा सय बिरामीको मुटु प्रत्यारोपण हुने गरेको अध्ययनले देखाएको छ ।

धेरै खर्चिलो हुनाका साथै प्राविधिक रूपमा मुटुको प्रत्यारोपण नेपालमा गाह्रो छ । दुई मिर्गौलामध्ये एउटा कसैलाई दियो भने मानिस स्वस्थ्य भएर बाँच्न सक्द", उहाँले भन्नुभयो, "तर मुटु अर्कालाई दिने भनेको ब्रेनडेथ (मस्तिष्क मृत्यु) भएको मानिसले मात्र दिने हो । त्यसका लागि एउटा मानिस मर्नु पर्‍यो । मरेको मानिसबाट मुटु निकाल्न पर्‍यो, अर्को मानिस अप्रेशन गर्न तयार हुनुपर्‍यो । एउटा समयभित्र मुटु प्रत्यारोपण गर्ने हो । मुटु दिने मानिसको मुटु लिने मानिसकामा मिल्नुपर्‍यो । त्यसैले मुटु प्रत्यारोपण प्राविधिक रूपमा गाह्रो छ ।"

उहाँ आफूले अध्ययनकै क्रममा नेपालमा मुटु प्रत्यारोपण एक- दुई केश मात्र गर्न सक्ने बताउनुहुन्छ । मुटु प्रत्यारोपण गर्ने मानिस आर्थिक रूपमा पनि सक्षम हुनुपर्छ । एक व्यक्ति दुर्घटना भएर मर्नेबित्तिकै मुटु प्रत्यारोपण गरिने बिरामीको रगत परीक्षण गरेर मिल्ने नमिल्ने हेर्नुपर्छ ।

यस्तै केन्द्रले सन् २०१४ देखि मुटुमा प्वाल परेका बिरामीको छाती नचिरिकन यन्त्र (डिभाइस) मार्फत उपचार गर्ने गरेको छ । प्रत्येक वर्ष सयभन्दा बढी मुटुमा प्वाल परेका बिरामीको उपचार गर्ने गरेको र यस वर्ष मात्र २२२ वटा भएको छ । केन्द्रले १५ वर्षमुनिका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क मुटुको उपचार गर्ने गरेको छ । विपन्न वर्गलाई रु एक लाखसम्म निःशुल्क छ । केन्द्रले २०० शय्याको बालमुटुरोग भवन बनाउन थालेको छ । बीस शय्याको सघन उपचार कक्ष(सिसियु) पनि निर्माण गर्न थालेको छ । अहिले सिसियु १२ शय्याको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### भारतमा कोरोनाभाइरसबाट थप २८ सय सङ्क्रमित

नयाँ दिल्ली, २ चैत (रासस/एएनआई) ।
भारतमा कोरोनाभाइरसका कारण थप दुई हजार ८७६ जना सङ्क्रमित भएका छन् । सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरुको सङ्ख्या चार करोड २९ लाख ९८ हजार ९३८ पुगेको छ ।

संघीय स्वास्थ्य मन्त्रालयले भारतमा अहिले कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या ३२ हजार ८११ मात्रै रहेको जनाएको छ । भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण पाँच लाख १६ हजार ७२ जनाको मृत्यु भएको छ । ती मध्ये ९८ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो ।

सोही अवधिमा तीन हजार ८८४ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड २४ लाख ५० हजार ५५ पुगेको छ ।

### रूस युक्रेन युद्धले तेलको मूल्य वृद्धि, बेलायती प्रधानमन्त्रीले साउदी र युएईका नेतासँग भेट्ने

अबु धाबी, (युएई) २ चैत (रासस/एएफपी) ।
बेलायती प्रधानमन्त्री बोरिस जोनसनले बुधबार खाडी मुलुकको उच्च नेतृत्वसँग छलफल गरी इन्धन बजारलाई सन्तुलनमा राख्न पहल गरिने बताउनुभएको छ ।

रूस-युक्रेन युद्धका कारण गन्जागोल बनेको इन्धन बजारलाई शान्त पार्न थप तेल पम्प गर्न साउदी अरब र संयुक्त अरब इमिरेट्ससँग छलफल हुने प्रधानमन्त्रीको कार्यालयले जानकारी गराएको छ ।

रूसी तेलमा आफ्नो निर्भरता अन्त्य गर्न र तेल बजार सन्तुलनमा राख्ने प्रयासवरूप उहाँको युएई र साउदी अरबको भ्रमण तय भएको बताइएको छ ।

युएईका राजकुमार मोहम्मद बिन जायदसँग वार्ताका लागि जोन्सन अबु धाबी आइपुग्नुभएको छ । उहाँ यतैबाट रियादपनि जानुहुनेछ ।

तेलको मूल्यमा अत्यधिक अस्थिरता देखिएपछि उहाँको भ्रमणका हुन लागेको भएपनि भ्रमणका क्रममा गत शनिबार साउदी अरबद्वारा सामूहिक मृत्युदण्डमा ८१ जनालाई दिइएको मृत्युदण्डबारे पनि छलफल हुन सक्ने अनुमान गरिएका छन् ।

सन् २०१८ मा साउदी पत्रकार जमाल खासोगीको हत्या भएदेखि रियाद भ्रमण गर्ने केही पश्चिमी नेताहरूमध्ये एक बनेपछि जोन्सनले वास्तविक साउदी नेता राजकुमार मोहम्मद बिन सलमानलाई पनि भेट्नुहुनेछ ।

खासोगीको हत्यामा साउदी अरबलाई 'परिया' राज्यको रूपमा व्यवहार गर्ने बताएको अमेरिकी प्रशासनको नेतृत्व गरेका राष्ट्रपति जो बाइडेन र राजकुमार मोहम्मदबीच बाइडेनले पद ग्रहण गरेदेखि औपचारिक सञ्चार भएको छैन ।

बेलायती प्रधानमन्त्रीले राजकुमार मोहम्मदसँग मानवअधिकारको चिन्ता र हालै ठूलो सङ्ख्यामा दिइएको मृत्युदण्ड रयुक्रेनमा रूसको आक्रमणमा रूसका राष्ट्रपति भ्लादिमिर पुटिनको निन्दा गर्न आग्रह गर्नुहुनेछ । विश्वका दुई ठूला तेल निर्यातकर्ता र दुवैको रुससँग सम्बन्ध रहेको साउदी अरेबिया र युएईअहिलेसम्म रुसविरुद्ध अडान लिनबाट जोगिएका छन् ।

जोन्सनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको 'निष्ठुर' आक्रमणको प्रभाव युरोपभन्दा धेरै टाढा महसुस हुने भ्रमणमा निस्कनुअघि विमानस्थलमा बताउनुभएको थियो ।

### युक्रेन युद्ध : सरदर 'हरेक सेकेन्ड' मा एक नाबालक शरणार्थी बन्दै

कीभ, युक्रेन, २ चैत (रासस/एएनआई) ।
युक्रेनमा प्रति सेकेन्ड झन्डै एक बच्चा युद्धको कारण शरणार्थी बन्न थालेको संयुक्त राष्ट्र मानवीय संघसंगठनहरूले बुधबार जानकारी गराएका छन् ।

रूसी आक्रमण सुरु भएदेखि अहिले पूर्वी युरोपेली यस देशबाट भागेका मानिसहरूको कूल संख्या तीस लाखभन्दा बढी पुगेको राष्ट्रसंघको प्रारम्भिक तथ्याङ्क छ ।

"अहिले युक्रेनबाट छिमेकी देशहरूमा मानिसहरूको प्रवाह ३० लाखभन्दा बढी पुगेको हामीले प्रक्षेपण गरेका छौं ।

यीमध्ये लगभग एक लाख ५७ हजार तेस्रो देशका नागरिक रहेका अन्तरराष्ट्रिय आप्रवासी संगठन (आईओएम) का प्रवक्ता पल डिलनले जेनेभामा बताउनुभयो । "फेब्रुअरी २४ मा रूसी आक्रमण सुरु भएदेखि अहिले लगभग १५ लाख बालबालिका युक्रेनबाट बाहिरिएका छन् । गत २० दिनको दौडान युक्रेनमा हरेक दिन ७०,००० भन्दा बढी केटाकेटी शरणार्थी भएका छन् ।

संयुक्त राष्ट्र बाल कोषका प्रवक्ता जेम्स एल्डरले भन्नुभयो, "हरेक मिनेट ५५ जना बालबालिका देश (युक्रेन) छोडेर विदेशिने गरेका छन् ।"

युक्रेनमा हिंसाबाट भागिरहेका १० मध्ये नौ जना महिला तथा केटाकेटीहरू रहेका युनिसेफका प्रवक्तालाई उद्धृत गरी राष्ट्रसंघको सञ्चारमाध्यम हेर्ने संगठन (युएन न्युज) ले उल्लेख गरेको छ । युवाहरू अपरिचित नयाँ वातावरणमा आइपुग्दा तस्करहरूको सिकार भइरहेको आशङ्का पनि गरिएको छ ।

जेम्स एल्डरले भन्नुभयो, "मैले भ्रमण गरेको सीमाक्षेत्र खासगरी मेडीका, पोल्याण्डदेखि युक्रेनको राजधानी कीभसम्म कीभबाट आएको जनाउँदै कीभ नाम उच्चारण गर्ने हजारौं मानिसहरू शहरहरूको बस र मिनीबस वरिपरि व्यवस्थापनको खोजीमा उभिरहेका भेटेको थिएँ । उनीहरू कम्तीमा पनि एक हप्ताअघि ती सीमाहरूमा पुगेका थिए ।

उहाँले भन्नुभयो, "निस्सन्देह, अधिकांश मानिसहरू अद्भुत मनसाय र ठूलो उदारता भएका मानिसहरू हुन् तर युरोपमा तस्करीबारे हामीले बुझेको कुरालाई विचार गर्दा यो अझै पनि एकदमै गम्भीर मुद्दा भएको छ ।

# आगलागीबाट सावधानी अपनाउन आग्रह

काठमाडौँ, २ चैत (रासस)।

नेपाल प्रहरीले अहिले सुक्खा मौसममा हावाहुरी चल्ने, घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुने गरेको बिगतको तथ्य स्मरण गराउँदै विशेष सावधानी अपनाउन अनुरोध गरेको छ।

महानगरीय प्रहरी परिसर काठमाडौँले एक सूचना जारी गरी मुख्यतः चैत, बैशाख र जेठ महिनाका करिब १०० दिन आगलागीका विपद्‌जन्य घटना बढी हुनसक्ने भएकाले त्यस्ता घटना हुन नदिन र भइहालेमा पनि कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाउन आग्रह गरेको छ।

आगलागीका घटना नियन्त्रण र क्षति न्यूनीकरणका लागि नेपाल प्रहरी प्रयासरत रहेको जानकारी गराउँदै परिसरका प्रवक्ता दिनेशराज मैनालीले केही कुराहरूमा ध्यान दिनसके आगलागी नहुने र भइहालेमा पनि कम क्षतिमा नियन्त्रण गर्न सकिने बताउनुभयो। त्यसैले परिसरले सावधानीका उपायबारे ११ बुँदे ध्यानाकर्षणसमेत सार्वजनिक गरेको छ।

आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्न र काम सकिएपछि सुरक्षितसाथ राख्न अनुरोध गरिएको छ। परिसरले विद्युतजन्य सामग्री (हिटर, गिजर, पङ्खा, आइरन, एसी आदि)लाई काम सकिएपछि बन्द गर्न, एउटा पावर सकेटबाट धेरै पावर चाहिने उपकरण प्रयोग नगर्न, पूजाकोठामा सिन्के र बाटेको धुप, भान्सामा कोइला, लामखुट्टे भगाउन क्वाइल बालेर नछाड्न र आगलागी वा धुवाँ भएको स्थानबाट बाहिर निस्कनुपर्दा घोप्टो परेर अथवा घस्रेर निस्कन अनुरोध गरेको छ।

यस्तै ग्याँस सिलिण्डरमा आगो लागेमा जुटको बोरा वा ब्ल्याङ्केटले सिलिण्डरलाई घ्वाप्प छोप्न, ग्यास चुल्हो बाल्नु अगाडि भान्साको झ्याल, ढोका खोली ग्यास लिक भए/नभएको यकिन गरी प्रयोग गर्न, गाईवस्तु चरनका निम्ति राम्रो हुन्छ भनी वनमा डढेलो नलगाउन, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउन आग्रह गरिएको छ।

आगलागी भएको जानकारी हुनासाथ प्रहरी कन्ट्रोल १०० र दमकल सेवा १०१ मा जानकारी गराउन पनि प्रहरीले सबैमा आग्रह गरेको छ।

# एलपी ग्यासको प्रयोग न्यूनीकरण अभियान सुरु

जनकपुर, २ चैत (रासस)।

पछिल्लो समय खाना पकाउन एलपिजी ग्यासको बढ्दो प्रयोगलाई न्यूनीकरण गर्दै विद्युतीय चुलोलाई प्रोत्साहित गर्ने अभियान मधेस प्रदेशमा सुरु भएको छ।

खाना पकाउन बढ्दो एलपीजी ग्यासको प्रयोगका कारण सुरक्षा जोखिम बढ्नाका साथै आर्थिक नोक्सानीसमेत बढेको भन्दै नेपाल इनर्जी फाउन्डेशनले विद्युतीय चुलोलगायत वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्न अभियान शुरु गरेको हो।

एलपिजी ग्यासको तुलनामा विद्युतीय माध्यमबाट खाना बनाउँदा आर्थिक र स्वास्थ्यको दृष्टिकोणले समेत उपयुक्त भएकाले त्यो सन्देशलाई ग्रामीण भेगसम्म पुर्‍याउन अभियान सुरु गरिएको नेपाल इनर्जी फाउन्डेशनका सचिव डिल्ली घिमिरेले जानकारी दिनुभयो।

अभियानका क्रममा खाना पकाउन सफा ऊर्जाका बारेमा जनचेतनामूलक कार्यक्रम, खाना पकाउने वैकल्पिक ऊर्जाको खोजी गर्ने, घरभित्रको धुवाँ हटाउने कार्यक्रम तर्जुमा गर्ने, खाना पकाउने सफा प्रविधिमाथि सर्वसाधारणको पहुँच सुनिश्चित गर्न अनुदान, सहुलियत ऋण तथा वित्तको व्यवस्था गर्ने योजना रहेको सचिव घिमिरेले बताउनुभयो। "सहरी क्षेत्रमा मात्र होइन, ग्रामीण क्षेत्रमा पनि पछिल्लो समय खाना पकाउन एलपिजी ग्यासको माग बढ्दै गएको छ", उहाँले भन्नुभयो, "एकातिर एलपिजी ग्यास नेपालमा उत्पादन हुँदैन, अन्य मुलुकबाट ल्याउनु पर्दा ठूलो आर्थिक घाटा भइरहेको छ भने अर्कोतिर ग्यास फड्किएर मानवीय भौतिक क्षतिसमेत हुँदै आएको छ।" त्यसैले पनि खाना पकाउन विद्युतीय चुलो र गोबर ग्यास लगायतका वैकल्पिक ऊर्जालाई प्रोत्साहित गर्नुपर्ने उहाँको भनाइ थियो।

बर्सेनि खाना पकाउने ग्यासका लागि मात्र जम्मा आयातको २ दशमलव ५ प्रतिशत रकम नेपालले भुक्तानी दिँदै आएको जानकारी दिनुहुँदै ऊर्जा विज्ञसमेत रहनुभएका घिमिरेले खाना पकाउने सफा ऊर्जाका विभिन्न विकल्पहरूसहितका प्रविधिहरू बजारमा उपलब्ध भएको अवस्थामा स्थानीय आवश्यकता र उपलब्धताका आधारमा स्वच्छ ऊर्जाको प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो।

खाना पकाउने ऊर्जा स्रोत, प्रविधिलाई आधुनिक र सफा बनाउँदा उपभोक्ता स्वयम्, समुदाय र राज्य समेतलाई फाइदा पुग्ने दाबी गर्नुहुँदै उहाँले सफा खाना पकाउन विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहित गर्न सकिए वातावरण र वायु प्रदूषणमा कमी आउने तथा त्यसबाट मानव स्वस्थ्यमा समेत असर नपुग्ने उल्लेख गर्नुभयो। विद्युत्‌मा सबैको पहुँच पुर्‍याएर विद्युतीय चुलोलाई प्रवर्द्धन गर्न सकिए आर्थिक र भौतिक लगायतका क्षेत्रमा फाइदा पुग्न सक्ने भएकाले त्यसबारे तीनै तहको सरकारको ध्यानाकर्षण गराउन अभियान सञ्चालन गरेको उहाँले बताउनुभयो।

# फरार दम्पती पक्राउ

जनकपुर, २ चैत (रासस)।

मानव बेचबिखन तथा ओसारपसार र अपहरण मुद्दामा अदालतबाट कैद सजाय पाएर फरार एक दम्पतीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

मानव बेचबिखन तथा ओसारपसार र अपहरण मुद्दामा धनुषा जिल्ला अदालतबाट २२ वर्ष कैद र रु दुई लाख ५० हजार जरिवानाको सजाय पाएर फरार जनकपुरधाम उपमहानगरपालिका-१३ का ४२ वर्षीय रामजी पासवान र रु एक लाख ५० हजार जरिवानाको सजाय पाएका पासवानको ३२ वर्षीया श्रीमती बिभा पासवानलाई धनुषा प्रहरी पक्राउ गरेको हो।

अदालतबाट फैसला भएपश्चात फरार रहेका दुवै जनालाई जनकपुरधाम उपमहानगरपालिका १३ बाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो। धनुषा जिल्ला अदालतले गत २०७७ माघ २२ गते दम्पतीलाई सो सजायको फैसला गरेको थियो।

# नागरिकता अध्यादेशविरुद्ध परेको रिट निवेदन खारेज

काठमाडौँ, २ चैत (रासस)।

सर्वोच्च अदालतको संवैधानिक इजलासले नागरिकता अध्यादेशविरुद्ध परेको रिट निवेदन खारेज गरेको छ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरु मीरा खड्का, हरिकृष्ण कार्की, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको इजलासले बुधबार उक्त रिट निवेदन खारेज गर्ने फैसला गरेको हो।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २०७८ जेठ ९ गते अध्यादेश जारी गरेको थियो। सोही जेठ ७ गते मध्यरातमा दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेपछि सो अध्यादेश जारी गरिएको थियो।

सरकारको उक्त कदमविरुद्ध वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेलगायतले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो।

सर्वोच्च अदालतले सोही जेठ २७ गते सरकारले ल्याएको अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो। बुधबार उक्त रिट निवेदन खारेज भएको छ।

### *फेरि बढेर आयो ...*

अन्तर्राष्ट्रिय)मा प्रतिलिटर ४३ रुपैयाँ ८४ पैसा नाफा रहेको निगमले जनाएको छ।

१५ दिनमा पेट्रोल ३२ हजार ९१५ किलोलिटर, डिजेल ८६ हजार ९१० किलोलिटर, मट्टितेल ७७० किलोलिटर, हवाई इन्धन (आन्तरिक) दुई हजार ७७९ किलोलिटर, हवाई इन्धन (अन्तर्राष्ट्रिय) चार हजार किलोलिटर र एलपी ग्यास १८ लाख ९९ हजार २७८ सिलिण्डर खपत हुने निगमको आँकलन छ।

काठमाडौँ उपत्यकामा पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १५०, डिजेल र मट्टितेलको प्रतिलिटर रु १३३, हवाई इन्धन (आन्तरिक)को प्रतिलिटर रु १३६, हवाई इन्धन (अन्तर्राष्ट्रिय)को प्रतिलिटर अमेरिकी डलर १.२९ र एलपी ग्यासको बिक्री मूल्य प्रतिसिलिण्डर रु एक हजार ५७५ रहेको छ।

सरकारले भन्सार विन्दुमै पेट्रोलियम पदार्थको आयातमा विभिन्न शीर्षकको कर उठाउने गरेको छ। सरकारले पेट्रोलमा प्रतिलिटर ५९ रुपैयाँ ४८ पैसा, डिजेलमा प्रतिलिटर ४२ रुपैयाँ १६ पैसा, मट्टितेलमा प्रतिलिटर १३ रुपैयाँ ३६ पैसा, हवाई इन्धन (आन्तरिक)मा प्रतिलिटर १९ रुपैयाँ ४९ पैसा, हवाई इन्धन (अन्तर्राष्ट्रिय) मा दुई रुपैयाँ आठ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर २८० रुपैयाँ ३० पैसा कर उठाउँदै आएको छ।

भन्सारले पेट्रोलियम पदार्थमा भन्सार तथा प्रज्ञापन शुल्क, सडक मर्मत शुल्क, प्रदूषण शुल्क, मूल्य अभिवृद्धि कर (भ्याट) र मूल्य स्थिरीकरण कोष शुल्क उठाउँछ। त्यसबाहेक ढुवानी भाडा, निगमको प्रशासनिक एवं बिक्री खर्च, बीमा, प्राविधिक नोक्सानी र बिक्रेताको मुनाफा जोडेर पेट्रोलियम पदार्थको बिक्री मूल्य निर्धारण हुने गरेको छ।

### *रेलसम्बन्धी अध्यादेश ...*

बमोजिम रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ गत मङ्सिरमा जारी भएको थियो।

सरकारले ल्याएको अध्यादेश सङ्घीय संसद्‌को बसेको बैठकमा ६० दिनभित्र सदनमा पेश गरिसक्ने कानुनी प्रावधान रहेको छ। प्रतिपक्षी दलको निरन्तरको अवरोधका कारण सरकारले रेलसम्बन्धी अध्यादेश संसद्‌मा प्रस्तुत गर्न नसक्दा स्वतः निष्क्रिय भएको हो।

फागु पर्व सभ्य रुपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंङ्ग दल्ने काम नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौ,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौ,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*